# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४२) काठमाडौं, कात्तिक २१ गते २०४६ साल (अतिरिक्ताङ्क ४०


## भाग ३

श्री ५ को सरकार

### सामान्य प्रशासन मन्त्रालयको सूचना

#### निजामती सेवा (उनन्तीसौं संशोधन) नियमावली, २०४६

निजामती सेवा नियमावली, २०२१ लाई संशोधन गर्न वान्छनीय भएकोले,

नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी नियमहरूको नाम "निजामती सेवा (उनन्तीसौं संशोधन) नियमावली, २०४६" रहेको छ।

(२) यो नियमावली २०४६ साल कार्तिक २१ गतेदेखि प्रारम्भ भएको मानिनेछ ।

२. निजामती सेवा नियमावली, २०२१ को नियम ७.१ मा संशोधन: निजामती सेवा नियमावली, २०२१ को नियम ७.१ को सट्टा देहायको नियम ७.१ राखिएको छ:–

"७.१ अनिवार्य अवकाश: (१) कुनै निजामती कर्मचारीको उमेर ५८ वर्ष पूरा भएपछि वा निजको सेवा अवधि ३० वर्ष पूरा भएपछि निजलाई सरकारी नोकरीबाट अवकाश दिइनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६१

स्पष्टीकरण: यस नियमको प्रयोजनको निमित्त निजामती कर्मचारीको उमेर देहायबमोजिम हिसाब गरिनेछः–

(क) नोकरीमा प्रवेश गरेको बेलामा निजले पेश गरेको शैक्षिक संस्थाको प्रमाण-पत्रमा किटिएको जन्मदिन वा वर्षबाट हुन आएको उमेर।

(ख) त्यस्तो रेकर्ड नभएमा निजले नोकरीमा प्रवेश गरेको बेलामा सिटरोलमा लेखिएको जन्मदिन वा वर्षबा हुन आएको उमेर।

(२) नियम ७.४ बमोजिम निवृत्तभरण पाउने अवस्था पुगेको कुनै निजामती कर्मचारीलाई श्री ५ को सरकारले चाहेमा नोकरीबाट अवकाश दिलाउन सक्नेछ।

(३) यो नियम प्रारम्भ हुँदा निजामती सेवामा बहाल रहेका निजामती कर्मचारीले उपनियम (१) बमोजिम अवकाश प्राप्त गर्दा निजको उमेर साठी वर्ष पूरा हुन जति अवधि बाँकी छ, सो अवधिसमेत निजले गरेको जम्मा नोकरी अवधिमा थपि निजले पाउने निवृत्तभरणको हिसाब गरिनेछ।

आज्ञाले,
विष्णुप्रसाद खत्री
श्री ५ को सरकारको निमित्त सचिव

४६२



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।